संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार १० गते आइतबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान १०:१० बजे प्रारम्भ भयो ।

प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले आर्थिक मन्दी, बेरोजगारी र कानूनी सचेतनाको अभावले महिलाहरु घरभित्रै असुरक्षीत रहेको, भोजपुरमा महिलाको विभत्स हत्या गरी आत्महत्या भनिएको घटनाको छानविन हुनुपर्ने, सिन्धुलीको गोलन्जोर गाउँपालिकामा अविरल वर्षा र बाढी पहिरोले ३१ घरधुरी र बालीनाली नष्ट हुनुका साथै अन्य घरहरु समेत असुरक्षित भएकोले तत्काल राहत एवं उद्धारकार्य अगाडि बढाउनु पर्ने, बाग्लुङको ढोरपाटनमा चटयाङबाट २ जना र सवारी दुर्घटनाबाट ३ जनाको मृत्यु भएको र दर्जनौ घाइते भएकोले तत्काल घाईतेहरुको उपचारको व्यवस्था हुनु पर्ने, भौगोलिक अवस्थाले चटयाङको उच्च जोखिममा रहेको हाम्रो देशमा चटयाङ न्यूनीकरणको लागि आवश्यक कदम चाल्नुपर्ने लगायतको विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री प्रतिक्षा तिवारी
२. मा० श्री सुशिला थिङ
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री शिव नेपाली

तत्पश्चात् विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथि जारी छलफलमा उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो:-

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री भगवती चौधरी
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रमेश लेखक
२. मा० श्री रघुजी पन्त
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री मनिष झा
५. मा० श्री रोसन कार्की
६. मा० श्री रन्जु कुमारी झा
७. मा० श्री अब्दुल खांन
८. मा० श्री अरुण कुमार चौधरी
९. मा० श्री मानविर राई
१०. मा० श्री बलराम अधिकारी

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत उपराष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउन हुँदै विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रमसमेत समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात् विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

यसैबिच सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २० को खण्ड (ञ) को व्यवस्था प्रति ध्यानाकर्षण गराउनु हुँदै बैठकमा प्रत्रिका पढ्ने काम नगर्नु हुन अनुरोध गर्नुभयो ।

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठको जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्रीले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री अच्युत प्रसाद मैनाली
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
६. मा० श्री रामहरि खतिवडा
७. मा० श्री सराज अहमद फारुकी
८. मा० श्री ईश्वर बहादुर रिजाल
९. मा० श्री राम कुमार राई
१०. मा० श्री बुद्धिमान तामाङ
११. मा० श्री ध्रुब बहादुर प्रधान
१२. मा० श्री रणेन्द्र बराली
१३. मा० श्री जावेदा खातुन जागा

त्यसपछि माननीय वन तथा वातावरण मन्त्री श्री बिरेन्द्रप्रसाद महतोले वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय वन तथा वातावरण मन्त्री श्री बिरेन्द्रप्रसाद महतोले स्पष्ट पार्नुभयो ।

१. मा० श्री मनिष झा
२. मा० श्री भगवती चौधरी
३. मा० श्री प्रतिक्षा तिवारी
४. मा० श्री प्रदिप पौडेल
५. मा० श्री राम प्रकाश चौधरी
६. मा० श्री कालुराम राई
७. मा० श्री शोभा ज्ञवाली
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री हितराज पण्डे
१०. मा० श्री अमृतलाल राजवंशी

तदुपरान्त माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्यले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यपसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्रराज आचार्यले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रदिप पौडेल
२. मा० श्री प्रतिक्षा तिवारी
३. मा० श्री भगवती चौधरी
४. मा० श्री हितराज पाण्डे
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री रामप्रकाश चौधरी
७. मा० श्री निर्मला कोइराला
८. मा० श्री रुपा सो.शी. (चौधरी)
९. मा० श्री बिन्धबासिनी कांसकार

तत्पश्चात् माननीय युवा तथा खेलकुद मन्त्री श्री डिगबहादुर लिम्बुले युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय युवा तथा खेलकुद मन्त्री श्री डिगबहादुर लिम्बुले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री प्रतिक्षा तिवारी
३. मा० श्री अरुण कुमार चौधरी
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० श्री सुमना श्रेष्ठ
६. मा० डा० तोसिमा कार्की
७. मा० श्री भगवती चौधरी
८. मा० श्री विना जैसवाल
९. मा० श्री हितराज पाण्डे

त्यसपछि माननीय शहरी विकास मन्त्री श्री सीता गुरुङ्गले शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय शहरी विकास मन्त्री श्री सीता गुरुङ्गले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री जुली कुमारी महतो (महासेठ)
३. मा० श्री निशा डाँगी
४. मा० श्री हित बहादुर तामाङ
५. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
६. मा० श्री बलराम अधिकारी

तदुपरान्त उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समेत कार्यभार सम्हाल्नु भएका माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहनबहादुर बस्नेतले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समेत कार्यभार सम्हाल्नु भएका माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहनबहादुर बस्नेतले स्पष्ट पार्नुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
३. मा० श्री अम्मर बहादुर रायमाझी
४. मा० श्री विना लामा
५. मा० श्री सान्ती चौधरी
६. मा० श्री महेन्द्र बहादुर शाही

तत्पश्चात् माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले स्पष्ट पार्नुभयो ।

१. मा० श्री बसन्त कुमार नेम्वाङ
२. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
३. मा० श्री अम्मर बहादुर रायमाझी
४. मा० श्री शिव नेपाली
५. मा० श्री सान्ती चौधरी
६. मा० श्री सुर्य बहादुर थापा क्षेत्री
७. मा० श्री विना लामा
८. मा० श्री बलराम अधिकारी
९. मा० श्री अरुण कुमार चौधरी

तत्पश्चात् माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले माग गर्नु भएको स्पष्टीकरणको सम्बन्धमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मन्त्री श्री रेखा शर्माले स्पष्ट पार्नुभयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री दामोदर पौडेल (बैरागी)
३. मा० श्री सुमना श्रेष्ठ

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, खानेपानी मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित माननीय मन्त्रीहरुले जवाफ दिने कार्यक्रम २०८० असार ११ गते हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ११ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:२५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव